# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०८ सितम्बर २०२५

समयः १८:५० - १६:०० बजे

## मुख्य समाचार

- नेपालमा सामाजिक सञ्जालमा प्रतिबन्ध र भ्रष्टाचारको विरोधमा युवाहरूको विरोध प्रदर्शन जारी, पुलिसको गोलीबारीमा 14 प्रदर्शनकारीको मृत्यु, १ सय भन्दा अधिक घाइते I

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा सबैलाई शुभकामना एवं बधाई दिनु भएको छ।

- पश्चिम बंगालमा आजदेखि पहिलो पटक उच्च माध्यमिक अर्थात् कक्षा १२ को परीक्षा सेमेस्टर प्रणाली अन्तर्गत शुरु भएको छ।

- जीटीएका प्रमुख कार्यपाल अनित थापाले बहुउद्देश्यीय नेपाली अकादमी भवन निर्माण कार्य 2026 को मार्च महिना भित्र पूर्ण हुने लक्ष्य राखेको बताउनु बताउनु भएको छ।

- आगामी दुर्गा पूजा पर्वलाई शान्तिपूर्ण तथा व्यवस्थित ढंगमा सम्पन्न गराउनका लागि कोलकाता पुलिसले तयारीलाई तीव्रता दिएको छ।

## नेपाल- जेन जी

नेपालमा सामाजिक सञ्जालमा प्रतिबन्ध र भ्रष्टाचारको विरोधमा आजदेखि युवाहरूले विरोध प्रदर्शन गरे। राजधानी काठमाडौँको बानेश्वरमा युवाहरूले गरेको हिंसात्मक विरोध प्रदर्शन नियन्त्रण गर्न पुलिसले चलाएको गोली लागेर १४ जनाको मृत्यु भएको छ भने १०० भन्दा बढी घाइते भएका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीले आज साँझ काठमाडौंस्थित आफ्नो निवासमा मन्त्रिपरिषद् र राष्ट्रिय सुरक्षा परिषद्को आपतकालीन बैठक डाक्नु भएको छ। सरकारले हालै प्रमुख सामाजिक सञ्जाल प्लेटफर्महरूमा प्रतिबन्ध लगाएपछि प्रदर्शनकारीहरूले संघीय संसदमा प्रवेश गरेपछि प्रदर्शन झनै चर्किएको थियो। पुलिसबलले सुरुमा अश्रुग्यास, पानीको फोहोरा, रबरको गोली र हवाई फायरिङ प्रयोग गरेर भीडलाई तितरबितर पार्ने प्रयास गरे पनि स्थिति नियन्त्रणमा आउन सकेन। काठमाडौँ जिल्ला प्रशासनले राजधानीका प्रमुख क्षेत्रहरू बानेश्वर, तीनकुने र राष्ट्रपति कार्यालय र सिंहदरबार वरपर दिउँसो १२ बजेर ३० मिनटदेखि राति १० बजेसम्म कर्फ्यू लगाएको छ। अभिव्यक्ति स्वतन्त्रता र डिजिटल अभिव्यक्तिमाथि खतरा रहेको उल्लेख गर्दै टिकटक मार्फत संगठित युवाहरूले संसदतर्फ मार्च गरे। पारदर्शिता, जवाफदेहिता र प्रतिबन्ध हटाउन माग गर्दै आन्दोलन व्यापक बनेको छ।

## साक्षरता दिवस- मुख्यमन्त्री

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा सबैलाई शुभकामना एवं बधाई दिनु भएको छ। उहाले आज बिहान उहाले सामाजिक संजालमा एक पोस्ट गर्नु हुदै भन्नु भयो, त्यो प्रतिभा असली प्रतिभा हो जसले साँचो समाज बनाउँछ।अन्तरराष्ट्रिय साक्षरता दिवस प्रत्येक वर्ष 8 सेप्टेम्बरमा मनाइन्छ। यो दिनलाई 1966 मा संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक एवं सांस्कृतिक संगठन यूनेस्कोद्वारा घोषणा गरिएको थियो भने 1967 देखि यसको आयोजन शुरू भएको हो। यसको उदेश्य विश्वभरि नै साक्षरताको महत्वलाई प्रकाशित गर्नु अनि शिक्षाप्रति जागरूकता फैलाउनु हो। यस वर्ष यसको विषय "डिजिटल युगमा साक्षरतालाई प्रोत्साहन दिनु" रहेको छ।

## उच्च माध्यमिक परीक्षा

पश्चिम बंगालको शिक्षा प्रणालीको इतिहासमा सोमबारदेखि नयाँ अध्याय थपियो। आजदेखि राज्यमा पहिलो पटक उच्च माध्यमिक अर्थात् कक्षा १२ को परीक्षा सेमेस्टर प्रणाली अन्तर्गत शुरु भएको छ। यो परीक्षा सेप्टेम्बर ८ देखि सेप्टेम्बर २२ सम्म सञ्चालन हुनेछ। यो पहिलो सेमेस्टर परीक्षा राज्यका २३ जिल्लाका २ हजार १ सय ६ केन्द्रहरूमा सञ्चालन भइरहेको छ, जसमा लगभग ६.६ लाख विद्यार्थीहरू सहभागी छन्। यस पटक परीक्षा दुई चरणमा सञ्चालन भइरहेको छ। पहिलो सेमेस्टर सेप्टेम्बरमा र दोस्रो सेमेस्टर आगामी वर्षको फरवारी महिनामा हुनेछ। यो प्रणाली कक्षा ११ र १२ दुवैको लागि लागू गरिएको छ।
परीक्षाको समय बिहान १० बजेदेखि ११ बजेर १५ मिनटसम्म राखिएको छ, जबकि संगीत, दृश्य कला र व्यावसायिक विषयहरूको परीक्षा बिहान ११:४५ बजेसम्म सञ्चालन हुनेछ। विद्यार्थीहरूलाई मोबाइल फोन, क्याल्कुलेटर र कुनै पनि इलेक्ट्रोनिक उपकरणहरू लिएर परीक्षा केन्द्रमा प्रवेश गर्न अनुमति छैन। नियम तोडिएको खण्डमा उनीहरूको उम्मेदवारी रद्द गरिनेछ। प्रवेशद्वारमा मेटल डिटेक्टरहरूद्वारा विद्यार्थीहरूको जाँच भइरहेको छ। परीक्षा अवधिभर विद्यार्थीहरूलाई शौचालय जान पनि दिइने छैन। पेपर लिकको सम्भावनालाई हटाउन, प्रश्नपत्रहरू विशेष 'गैर-पारदर्शी प्रिन्टेड पोली प्याकेट' मा बन्द गरिएको छ। प्रश्नपत्रका दुई सेट तयार पारिएको छ, जसको एउटा सेट आपतकालीन अवस्थामा मात्र प्रयोग गरिनेछ। यस पटक १ सय २२ परीक्षा केन्द्रहरूलाई संवेदनशील घोषित गरिएको छ, जसमध्ये सबैभन्दा बढी केन्द्रहरू मालदा जिल्लामा छन्। गत वर्ष यो संख्या १ सय ३६ थियो। सबै केन्द्रहरूमा सीसीटीभी निगरानीको व्यवस्था गरिएको छ। पर्यवेक्षकहरूको निवास र मुख्य प्रवेशद्वारमा पनि विशेष निगरानी राखिएको छ। वर्षाको मौसमलाई ध्यानमा राख्दै, प्रश्नपत्र र ओ.एम.आर सिट्सहरु पानी जम्ने खतरा नभएका ठाउँहरूमा सुरक्षित राखिएको छ। आवश्यक परेमा केन्द्रहरू पनि परिवर्तन गर्न सकिन्छ। राज्यका सबै जिल्लामा छात्राहरुको संख्या छात्रहरु भन्दा अधिक रहेको छ I

## नेपाली अकादमी भवन

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले बहुउद्देश्यीय नेपाली अकादमी भवन निर्माण कार्य 2026 को मार्च महिना भित्र पूर्ण हुने लक्ष्य राखेको बताउनु बताउनु भएको छ। उहाले आज नेपाली अकादमी भवन निर्माण कार्यको स्थलगत भ्रमण गर्नु भयो। यसक्रममा पत्रकारहरुसंग कुराकानी गर्ने क्रममा श्री थापाले भन्नु भयो, निर्माण कार्यलाई आगामी मार्च 2026 भित्र पूर्ण गर्ने लक्ष्य राखेर अधुरो निर्माण कार्यलाई निरन्तरता दिनेछौं। जीटीए सम्झौतामा नेपाली भाषा, साहित्य र संस्कृतिको प्रवर्दनका लागि नेपाली अकादमी स्थापना गर्ने व्यवस्था छ। त्यसै सम्झौताको आधारमा केही वर्ष पूर्व अकादमी भवन निर्माण कार्यको सुरुवात भएको थियो। दार्जीलिङ्ग हिल कार्ट रोड स्थित पुरानो गोयनका स्कुल परिसरमा नेपाली अकादमी भवनको निर्माण हुँदैछ।

## कोलकाता मेट्रो

कोलकाता मेट्रोको ब्लू लाइनमा आज बिहान गड़बड़ी भएको देखियो। बिहान 8 बजेर 20 मिनटमा कवि नजरुल स्टेशनको एक र्‍याकमा प्राविधिक गडबडी भएको कारण मेट्रो ठप्प भयो। फलस्वरूप टालीगञ्जदेखि शहीद खुदिराम स्टेशनबीच लगभग एक घण्टासम्म मेट्रो सेवा बाधित भएको कारण यात्रीहरूलाई टालीगञ्जमै उत्रिनु पर्‍यो। कार्यलयको समय अवधि भएको यस गड़बड़ीले हजारौं यात्रीहरूलाई समस्यामा परेको थियो। स्टेशनमा मानिसहरूको भीड़ थुप्रियो भने आक्रोशित यात्रीहरूले मेट्रो प्रशासनविरूद्ध असन्तुष्टि व्यक्त गरे। यात्रीहरुले ब्लू लाइनमा प्रत्येक दिन नै कुनै न कुनै समस्या भइरहेको बताएका छन्। उनीहरुले मेट्रोको यात्रा दिन-प्रतिदिन भयानक बन्दै गइरहेको बताए। यसैबीच मेट्रो रेलको पक्षले प्राविधिक समस्याको समाधान गरिएपछि डाउन लाइनमा बिहान 9:25 बजी र अप लाइनमा 9:54 बजी सेवा बहाली गरिएको जनाएको छ। गत एक महिनाभन्दा अधिक समयदेखिको कोलकाता मेट्रोको ब्लू लाइनमा बारम्बार समस्या उत्पन्न भइरहेको छ। हालैमा कवि सुभाष मेट्रो स्टेशनको पर्खाल चर्किएको कारण यात्रीहरूको लागि बन्द गरिएको छ। त्यसपछि दक्षिणेश्वरदेखि शहीद खुदिरामसम्म संचालित सेवामा लगातार ढिल्याई तथा प्राबिधिक गड़बड़ीको गुनासोहरू आइरहेको देखिएको छ।

## भाजपा दार्जीलिंग

भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष संजीव लामाको अध्यक्षतामा आज दार्जीलिङ महकुमाका नेतृत्वहरूसँग एक सभा सम्पन्न भयो। सभामा मण्डल अध्यक्षहरू र जिल्ला कार्यसमिति सदस्यहरूको सक्रिय उपस्थिति रहेको थियो भने सभामा उपस्थित प्रतिनिधिहरुले साँगठनिक शक्तिलाई अझ सबल बनाउन, आगामी संगठनात्मक कदमहरू तय गर्न र जिल्ला स्तरदेखि मण्डल स्तरसम्म संगठनलाई थप मजबुत बनाउन आवश्यक सुझावहरू प्रस्तुत गरेका थिए।

**दुर्गा पूजा- बैठक**

आगामी दुर्गा पूजा पर्वलाई शान्तिपूर्ण तथा व्यवस्थित ढंगमा सम्पन्न गराउनका लागि कोलकाता पुलिसले तयारीलाई तीव्रता दिएको छ। पुलिस आयुक्त मनोज वर्माले आगामी 10 सेप्टेम्बरको दिन दुर्गापुरस्थित धन धान्य अडिटोरियममा सबै प्रमुख पूजा समितिहरूलाई बैठकमा बोलाउनु भएको छ । यस बैठकमा पर्वको तयारीदेखि लिएर सुरक्षा व्यवस्थासम्म धेरैवटा महत्वपूर्ण मुद्दाहरूमाथि चर्चा गरिनेछ।पुलिस सूत्र अनुसार यस बैठकमा ती समितिका प्रतिनिधिहरूलाई डाकिएको छ जसको पूजा पण्डालहरूमा व्यापक भीड़ देखिनेछ। प्रत्येक ठूलो पूजा समितिका दुईजना प्रतिनिधिहरू बैठकमा उपस्थित रहनेछन् अर्थात सबै मिलाएर लगभग डेढ़ हजार प्रतिनिधिहरू यस बैठकमा सामेल हुनेछन्। यसको साथै कोलकाता पुलिसका वरिष्ठ अधिकारी, कोलकाता नगरनिगम, बिजुली आपूर्ति गर्ने कम्पनी सीईएससी, अग्निशमन विभाग, राज्य प्रदूषण नियन्त्रण बोर्ड तथा अन्य प्रशासनिक एजेन्सीका प्रतिनिधिहरू पनि बैठकमा उपस्थित रहनेछन्। बैठकमा अनलाइन अनुमति प्रक्रिया, उच्च न्यायालयको निर्देशको पालन, चन्दा संग्रहको व्यवस्था, पण्डाल निर्माणसित सम्बन्धित प्रतिबन्ध, प्रतिमा विसर्जनको समय निर्धारण औ यातायात प्रबन्धन जस्ता विषयहरूमा चर्चा हुनेछ। यस बाहेक विभिन्न विभाग र पुलिसबीच समन्वय स्थापित गर्नेमाथि पनि बल दिइनेछ ताकि पर्व अवधि कानून व्यवस्था कायम रहोस्।

**हाजिरी जवाफ**

गोर्खाल्याण्ड क्षेत्रिय प्रशासन प्राथमिक शिक्षा विभाग सुके सर्कल अधिनस्थ पोख्रेबोङ चामोङ अनि नागरी धजे शाखाको आयोजनामा दोस्रो अन्तर प्राथमिक पाठशाला हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरियो। प्लास्टिक जन्य पर्दाथको प्रयोग बन्द गरौ भावी पिढिलाई सुरक्षित भविष्य पातारण तयार पारौ भन्ने मूल नाराको साथमा सम्पन्न हाजिरी जवाफ प्रतियोगितामा एसआई लेजिना ठकुरी,सभाषद भुपेन्द्र बम्जन विशेष रुपमा उपस्थित थिए I प्रतियोगितामा धजे,बिध्यासागर,जुक्तिमान,एभनग्रुप,मानेडाडा, धजे बस्ती आदि प्राथमिक पाठशाला विद्यार्थीहरूले भागलिएका थिए। जसमा पारिजात धजिया प्राथमिक पाठशालाले १८५ अंक लिएर प्रथम बनेको छ I

****** ० ******